**निर्णय नं. १**

रत्ननगर न. पा. वडा नं. ६ स्थित बछौली स्वास्थ्य चौकीको हालको भवन पुरानो र सानो भएकाले विरामीको उपचार लगायतको सेवा प्रवाहमा कठिनाई भई नयाँ निर्माण गर्नुपर्ने भएकाले भवन निर्माण गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

यस नगरपालिकामा कार्यरत महिला विकास अधिकृत श्री दिपा घिमिरे शर्मालाई बालकल्याण अधिकारीको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ३:**

रत्ननगर ९ स्थित सुकुम्वासी वस्तीमा रहेको पशुहाट बजार भाडामा लगाउन सार्वजनिक सूचना आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

राजश्व परामर्श समितिको बैठकले प्रस्ताव गरेको विषयहरु माथि छलफल गर्दा निम्न अनुसार हुने गरी निर्णय गरियो ।

१. यस नगरपालिकाको बजार क्षेत्रका वाटो किनारका दायाँ वायाँ फुटपाथहरुमा दैनिक रुपमा वडा व्यवसाय दर्ता नगरी माछा व्यापार गर्ने व्यवसायीहरुलाई नियमन गर्ने र करको दायरामा ल्याउन आवश्यक भएकोले प्रति महिना रु.१०००।-को रसिद काटी मासिक रुपमा व्यवसाय संचालन गर्न अस्थाई पासको व्यवस्था मिलाई प्रत्येक महिना नविकरण गर्ने व्यवस्था मिलाउन सम्वन्धित वडा कार्यालयलाई अधिकार दिने, सो क्षेत्रमा पास नलिएका माछा व्यापारीलाई हटाउने व्यवस्था गर्ने तथा उनिहरुवाट भए/गरेको फोहोरको व्यवस्थापन उनिहरुले नै गर्ने ।

२. आ.व. ०७५।०७८ को प्रथम चौमासिकमा सम्पत्ति कर तिर्ने केही करदाताले यस आ.व.मा पनि कर समायोजन गरी पाउँ भनी लिखित र मौखिक निवेदन दिएको सम्बन्धमा छलफल गर्दा आ.व. २०७५।०७६ को वार्षिक कार्यक्रम तथा आर्थिक ऐन २०७५ मा सम्पत्ति करमा बृद्धि भई २०७६ कार्तिक मसान्तससम्म कर संकलन भएकोमा नगरवासीको माग अनुसार नगर सभाबाट करको दर संसोधन भई उक्त अवधिमा कर दाखिला गर्ने सेवाग्राहीको एक पटकलाई मात्र कर समायोजन गर्ने पाचौं नगर सभाबाट निर्णय भएको हुँदा सोही अनुसार कार्यान्वयन गर्ने र बाँकी रकम फिर्ता नगर्ने निर्णय गरियो ।

३. कृषि कार्य तथा पशुपालन सम्वन्धि फर्म, कम्पनी र समूह दर्ता, नविकरण एवं व्यक्ति, संघ, संस्था, व्यवसायीहरुले जग्गा भाडामा लिई आफ्नो व्यवसाय संचालन गर्दा लाग्ने राजश्व, कर दस्तुर यस नगरपालिका क्षेत्र भित्र एउटै शुल्क (एकरुपता) कायम हुने गरी (पूँजि, क्षेत्रफल, संख्या, परिमाण खुलाई) तपशिल अनुसार शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

कृषि तथा पशुपंक्षी फर्म दर्ताका लागि व्यवसाय दर्ता शुल्क निम्नानुसार दररेट तोकिएको छ ।

| सि.नं. | पूँजिगत आधार | फर्म दर्ता शुल्क | कैफियत |
|---|---|---|---|
| १ | ५ लाख सम्म | ३००।- | |
| २ | १० लाख सम्म | ५००।- | |
| ३ | २० लाख सम्म | १०००।- | |
| ४ | ५० लाख सम्म | २०००।- | |
| ५ | १ करोड सम्म | ३५००।- | |
| ६ | १ करोड भन्दा माथिको | ५०००।- | |

नोट : माथि उल्लेखित दररेट विदेशी नागरिकको हकमा यसको दोब्बर दस्तुर लाग्नेछ ।

४. उद्योग, व्यवसाय, पसल दर्तामा समस्या देखिएको, जसमा घरेलु कार्यालय र राजश्व कार्यलयमा दर्ता भएका व्यवसायीहरु स्थानीय तहमा दर्ता हुन आनाकानी गर्ने र एक ठाउमा दर्ता भए पछि यहां किन दर्ता गर्ने भन्ने धेरै गुनासो गर्ने, व्यवसाय दर्ता गर्न नमान्ने र सिफारिस माग गरी कर तिर्न नखोज्ने गरेकाले स्थानिय तहको सिफारिसमा मात्र दर्ता गर्न सम्बन्धित कार्यालयहरुलाई पत्राचार गर्ने ।

५. यस नगरपालिका क्षेत्र भित्र व्यवसाय संचालन गरी व्यवसाय दर्ता नगरेका व्यवसायीहरुलाई व्यवसाय दर्ता गर्न आउने र कर तिर्न बाँकी रहको व्यवसायीहरुलाई समयमानै कर तिर्नु पर्ने वारेको सूचना प्रकाशित गर्ने/गराउने

र सम्पूर्ण वडाका वजार क्षेत्र लगाएत सार्वजनिक स्थानहरुमा सूचना टाँस गने, जानकारी गराउने, पत्र पत्रिका तथा एफ एम रेडियोहरुवाट सूचना प्रशारण गर्ने ।

६. वडा नं. १४ मा व्यापार व्यवसाय संचालन गरी रहेका वोटलर्स नेपाल तराई लिमिटेड, ग्रिनह्याण्डस् नेपाल प्रा.लि. र युनिलिभर प्रा.लि. लाई व्यवसाय दर्ता/सूचिकृत गराई करको दायरामा ल्याउने ।

७. यस नगरपालिकाको टाँडी चोकमा हालै निर्माण सम्पन्न भई संचालनमा रहेको आकासे पुलमा विज्ञापन वोर्ड राख्ने व्यवस्था गर्न नगरपालिकाको लागि दायाँ वाँया खाली राखी पुलको बीच भागको २५ मिटरको प्रत्येक साईडमा कम्तिमा वार्षिक ५/५(पाँच/पाँच) लाख न्यूनतम मुल्य राखी बढावढमा बोर्ड राख्नको लागि सार्वजनिक सूचना प्रकासन गर्ने ।

**निर्णय नं. ५:**

भूमी सम्वन्धी समस्या समाधान आयोग अन्तर्गत भूमीहिन र अव्यवस्थित वसोवासीहरुको केही वडामा लगत संकलन कार्य बाँकी रहेकोले निवेदन संकलन गर्ने म्याद १५ दिन थप गर्न भूमी सम्बन्धी समस्या समाधान आयोगमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६:**

आर्थिक सहायता माग गरी निवेदन पेश भएका तपसिल वमोजिमका संस्थाहरुलाई आर्थिक सहयोग शिर्षकबाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

क. नेपाल निबृत्त शिक्षक समाजले सुधाँशु प्रकासनका लागि रु. १५,०००।-(पन्ध्र हजार) ।

ख. वैदिक सनातन धर्म संरक्षण समाजले भित्ते पात्रो प्रकासनका लागि रु. १५,०००।- (पन्ध्र हजार) ।

**निर्णय नं. ७:**

सुनिता खाजा घरले कोरोनाको कारणले वन्द रहेको समयको क्यान्टिनको घर भाडा छुट माग गरेकोले कोभिड १९ को कारण व्यवसायमा पर्न गएको असरलाई मध्यनजर गर्दै तीन महिनाको घर भाडा छुट गरिदिने साथै विजुली बत्ति र खानेपानीको शुल्क सम्बन्धित खाजा घरलाई नै तिर्न लगाउने र विहान ७:०० बजेदेखि साँझ ६ वजेसम्म संचालन गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ८:**

बागमती प्रदेश सरकारको समपुरक कार्यक्रम अन्तर्गत विनियोजित ल्याण्डफिल साईट पहुँच मार्ग निर्माण गर्ने योजना भानुचोकबाट सालघारी हुँदै चिसापानीसम्म जाने सडक कालोपत्रे गर्ने गरी कार्यान्वयन गर्ने र ठेक्का गर्दा न्यून कवोल भइ रकम बाँकी हुन आएमा वडा नं. ११ को मैवले टोलको करिब ४०० मीटर सडक कालोपत्रे गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

रत्ननगर नगरपालिकाभित्र खानेपानी तथा ढल निर्माण योजना संचालन गर्नको लागि खानेपानी तथा ढल निकास विभागमा योजना छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १०:**

रत्ननगर नगरपालिका वडा नं. ४, देवौलीमा रहेको कवर्ड हललाई रत्ननगर नगरपालिका नगर खेलकुद विकास समितिको बैठकबाट नेपाल तेक्वान्दो संघ जिल्ला कार्य समिति चितवनलाई संरक्षण, सम्बर्द्धन र विकास गर्ने गरी अधिकार प्रदान गर्ने निर्णय भई आएको हुँदा सोही वमोजिम नगरपालिकालाई आवश्यकता पर्दाका वखत तुरुन्त छोड्ने गरी भोगचलन गर्न अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ११:**

रत्ननगर १३ को वडा कार्यालय भवन निर्माणको लागि जिल्ला समन्वय समिति मौज्दात कोषबाट रु. १५,००,०००।- (पन्ध्र लाख) र.न.पा.बाट ५ लाख विनियोजन भएकोमा लागत ईष्टिमेट वमोजिम रु. १९,८५,०००।- लाग्ने देखिएकोले टेण्डर आव्हान गरी निर्माण कार्य कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:**

जिल्ला निर्वाचन कार्यालय चितवनबाट प्रकाशित मतदाता नामावली अद्यावधिक कार्यक्रम २०७७ अनुसार यस नगरपालिकामा व्यापक प्रचार प्रसार गरी प्रभावकारी बनाउने र संचार माध्यमहरुबाट सूचना प्रशारण गर्ने निर्णय गरियो

**निर्णय नं. १३**

संघीय सशर्त कार्यक्रम अनुसार यस नगरपालिकाको मेड्पा कार्यक्रम संचालन हुने वडा छनौट गर्न लघु उद्यम विकास समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १४:**

गत आ.व. मा सम्झौता भई कोभिड-१९ र अन्य विविध कारणले समयमा नै कार्य सम्पन्न हुन नसकी म्याद समाप्त भएका तपसिल वमोजिम योजनाको म्याद चैत्र मसान्त सम्मको लागि थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| पौष | | | |
| १ | आ.वि. बेल्सी भौतिक निर्माण | रत्ननगर- ३ | |
| २ | रोटरी पुस्तकालय व्यवस्थापन | रत्ननगर-२ | |
| ३ | वडा नं. २ को कार्यालय भवन निर्माण | रत्ननगर-२ | |
| ४ | वडा नं. ४ को कार्यालय भवन निर्माण | रत्ननगर-४ | |
| ५ | वडा नं. १० को कार्यालय भवन निर्माण | रत्ननगर-१० | |
| ६ | वडा नं. ९ को वडा कार्यालय भवन निर्माण | रत्ननगर ९ | |
| ७ | बैरिया मा.वि. पुर्वाधार निर्माण | रत्ननगर-१० | |
| ८ | पिठुवा खानेपानी पूर्वाधार निर्माण | रत्ननगर-१५ | |
| ९ | वडा कार्यालय निर्माण | रत्ननगर-१५ | |
| १० | टाँडी चोकमा आकाशे पुल निर्माण | रत्ननगर-२ | |
| ११ | सौराहा चोकमा बसपार्क पूर्वाधार निर्माण | रत्ननगर-१ | |
| १२ | हरी खनाल घरदेखि उत्तर सडक कालोपत्रे (ठेक्का मार्फत) | रत्ननगर-१३ | |
| १३ | हरी खनाल घरदेखि उत्तर सडक कालोपत्रे (उ.स. मार्फत) | रत्ननगर-१३ | |
| १४ | अस्पताल रोड र विद्युत् कार्यालयको बाटो कालोपत्रे | रत्ननगर-२ | |
| १५ | बुद्ध ज्योति मार्ग कालोपत्रे | रत्ननगर-४ | |
| १६ | लौरीघोल कुलो मर्मत | रत्ननगर-४ | |
| १७ | गोधुली मार्ग कालोपत्रे | रत्ननगर-८ | |
| १८ | इको पार्क तथा बहुसांस्कृतिक ग्राम भवन निर्माण | रत्ननगर-९ | |
| १९ | हरी भक्तको घरदेखि बालुवाटार सडक कालोपत्रे | रत्ननगर-९ | |
| २० | गणतान्त्रिक मार्ग कालोपत्रे | रत्ननगर-९ | |
| २१ | गणतान्त्रिक मार्ग कालोपत्रे | रत्ननगर-९ | |
| २२ | खगेरी खोला तटबन्धन | रत्ननगर-९ | |
| २३ | महेन्द्र दाहालको घरदेखि पूर्व कालोपत्रे | रत्ननगर-९ | |
| २४ | खगेरी खोला तटवन्धन | रत्ननगर-९ | |
| २५ | सितल टोल कालोपत्रे खण्ड 'क' | रत्ननगर-१३ | |
| २६ | सितल टोल कालोपत्रे खण्ड 'ख' | रत्ननगर-१३ | |
| २७ | कपरफोरी मा.वि.मा शौचालय निर्माण | रत्ननगर-९ | |
| २८ | मोहना मा.वि.मा शौचालय निर्माण | रत्ननगर-९ | |
| २९ | बकुलहर रत्ननगर अस्पताल | रत्ननगर- २ | |